नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्याः २०८०।८१ ब.का. तथा शो.भ
चलानी नं. ०३

मितिः २०८०।०४।०७

विषयः आर्थिक वर्ष २०८०।८१ को बजेट कार्यान्वयन सम्बन्धमा ।

श्री प्रमुख,
कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै ।

अर्थ मन्त्रालयको च.नं. १ र २, मिति २०८०।०४।०१ को आर्थिक वर्ष २०८०।८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन बमोजिम चालु आ.व. २०८०।८१ को विनियोजन ऐन, २०८० का अतिरिक्त आर्थिक व्यवस्थापनसँग सम्बन्धित अन्य प्रचलित कानुनको अधिनमा रही सङ्घीय सञ्चित कोष माथि व्ययभार हुने रकम र सङ्घीय सञ्चित कोषबाट विनियोजन हुने रकमहरुको निकासा, खर्चको लेखाङ्कन र नियमित प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाउनु हुनेछ । यसका साथै निम्न विषयहरुमा तहाँबाट बजेट निकासा लिई खर्च लेख्ने जिल्लास्थित सबै निकायहरुलाई यसै बमोजिम गर्ने/गराउने व्यवस्था मिलाउनुहुन र समग्र वित्तीय अनुशासन कायम गर्ने उद्देश्य प्राप्तिको लागि बजेट निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवम् आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनिवार्य रुपमा परिपालना गर्नु/गराउनु हुन जानकारी गराउँदछु ।

(क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट

१. मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) र एकल खाता कोष प्रणाली (TSA) बीच अन्तरआवद्धता रहेको हुँदा चालु आर्थिक वर्ष २०८०।८१ को बजेट तथा कार्यक्रम एकल खाता कोष प्रणाली (TSA) अनुसार भुक्तानी निकासाको व्यवस्था गर्ने ।

२. वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट २०८० फाल्गुन मसान्तसम्म खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम २०८० चैत १५ गतेभित्र अनिवार्य रूपमा समर्पण गर्नुपर्ने व्यवस्था भएकाले सो अनुसार भए वा नभएको अनुगमन गर्ने ।

३. अनुदान संकेत नं. ६०२ बाहेकको खर्च संकेत नं. २८९११ (भैपरी आउने - चालु खर्च) र ३१५११ (भैपरी आउने - पुँजीगत खर्च) मा विनियोजित बजेट अर्थ मन्त्रालयबाट बाँडफाँट स्वीकृत भए पश्चात मात्र निकासा भुक्तानी गर्ने ।

(ख) योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन

४. विनियोजन ऐन, २०८० को दफा ५(१) बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहमार्फत कार्यान्वयन गर्नु पर्ने भएमा

पत्र संख्याः
चलानी नं.

प्रदेश तथा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाइएको हुँदा सोही अनुसार गर्ने/गराउने ।

५. बुँदा नम्बर ४ अनुसार प्रदेश तथा स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय प्राप्त भएमा सोही निर्णयलाई नै खर्च गर्ने अख्तियारी मानी नेपाल सरकारको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश वा स्थानीय तहको कार्यालयलाई सङ्घीय निकायको रुपमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित सङ्घीय कानून बमोजिम रकम निकासा दिने व्यवस्था भएकोले सोही अनुसार गर्ने/गराउने ।

६. प्रदेश र स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै कार्यक्रम/आयोजना प्रदेश र स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई सम्बन्धित प्रदेश र स्थानीय तहले त्यस्तो कार्यक्रम आयोजना/नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको हुँदा सोही अनुसार गर्ने/गराउने ।

७. बुँदा नं. ६ बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेशको आयोजना/कार्यक्रमको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा नेपाल सरकारको सम्बन्धित कार्यालयलाई प्रदेश निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिने व्यवस्था भएकोले सोही अनुसार गर्ने । यसको आन्तरिक लेखापरीक्षण सम्बन्धित प्रदेश सरकारले नै गर्ने/गराउने व्यवस्था मिलाउने ।

८. स्थानीय तहको योजना/कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले सङ्घीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको कार्य सञ्चालन कोष खाता (क-२.६) मा जम्मा हुने गरी रकम निकासा गर्ने । रकम भुक्तानी दिने र प्रतिवेदन गर्ने कार्य सम्बन्धित कार्यालयबाट गराउने व्यवस्था मिलाउने । साथै यस्तो कारोबारको आन्तरिक लेखापरीक्षण सम्बन्धित स्थानीय तहबाटै गर्ने/गराउने व्यवस्था मिलाउने।

९. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्ने र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था भए बमोजिम तोकिएका शर्तको पालना गराउने र वैदेशिक सहायतामा सञ्चालित आयोजना कार्यान्वयन गर्दा दातृ निकायसँग गरेको वित्तीय सम्झौता तथा आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्थाहरू समेत पालना गर्ने/गराउने ।


अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np

१०. प्रदेश वा स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदानमा वैदेशिक सहायता समावेश भएमा सम्बन्धित मन्त्रालय / विभाग / आयोजना कार्यालय / आयोजना समन्वय कार्यालयमा आवधिक रुपमा वित्तीय विवरणहरु प्रदेश तथा स्थानीय तहले पठाए/नपठाएको अनुगमन गर्ने ।

(ग) बजेट निकासा तथा कार्यान्वयन व्यवस्था

११. कार्यक्रम/आयोजनाको भौतिक प्रगति र गुणस्तर समेतका आधारमा भुक्तानी निकासा दिने व्यवस्था मिलाउने । पहिलो त्रैमासिक भुक्तानी निकासाको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन । दोस्रो त्रैमासिक भुक्तानी निकासाका लागि अघिल्लो त्रैमासिक सम्मको भौतिक प्रगति न्यूनतम ३० प्रतिशत हुनु पर्नेछ । साथै तेस्रो त्रैमासिक भुक्तानी निकासाका लागि अघिल्लो त्रैमासिक सम्मको भौतिक प्रगति न्यूनतम ५० प्रतिशत भएको हुनु पर्नेछ । सोभन्दा कम भौतिक प्रगति भएको अवस्थामा सम्बन्धित मन्त्रालयको सचिवबाट आगामी त्रैमासिक अवधिमा भौतिक प्रगति पुरा गर्ने प्रतिबद्धता प्राप्त गरी निकासा/भुक्तानी हुने व्यवस्था मिलाउने।

१२. वैदेशिक ऋण तथा अनुदानको स्रोत फुकुवा नभएसम्म वैदेशिक स्रोत समावेश भएको आयोजनाको वैदेशिक स्रोतको बजेट र नेपाल सरकारको समपूरक कोष (Matching Fund) समेत खर्च शीर्षकगत आधारमा रोक्का रहनेछ । बजेटरी सहायता समावेश भएको कार्यक्रमको हकमा नेपाल सरकारको श्रोतको निकासाको लागि यस कार्यालयको फुकुवा आवश्यक पर्ने छैन । पूर्व प्रभावी वित्तीय (Retroactive Financing) सम्झौता भएको हकमा अर्थ मन्त्रालयको सहमतिमा भुक्तानी निकासा दिने व्यवस्था गर्ने ।

१३. वैदेशिक स्रोत समावेश भएका कार्यक्रममा विनियोजित नगद ऋण तथा नगद अनुदान रकम निकासा गर्न यस कार्यालयको स्रोत फुकुवा आवश्यक पर्नेछ ।

१४. शोधभर्ना हुने अनुदान तथा ऋण समावेश भएको कार्यक्रमको प्रथम त्रैमासिकको वित्तीय हस्तान्तरण तथा भुक्तानी निकासा गर्न यस कार्यालयको स्रोत फुकुवा आवश्यक नपर्ने तर दोश्रो, तेश्रो र चौथो त्रैमासिकको शोधभर्ना हुने रकम वित्तीय हस्तान्तरण तथा भुक्तानी निकासा गर्दा यस कार्यालयको स्रोत फुकुवा अनिवार्य हुनेछ ।

१५. सोझै भुक्तानी र वस्तुगत सहायताको विवरण प्राप्त हुनासाथ सम्बन्धित कार्यालयले कम्प्युटरीकृत सरकारी लेखा प्रणाली (Computerized Government Accounting System - CGAS) मा प्रविष्टि गरी भुक्तानी आदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था कार्यान्वयन गर्ने/गराउने र सोको अनुगमन मासिक रुपमा गर्ने ।

१६. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २१ बमोजिम प्रतिवद्धता रकमको एकीकृत विवरण तयार गर्नको लागि खरिद सम्झौता रकम, हालसम्मको भुक्तानी रकम, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नुपर्ने समय आदि विवरणहरु CGAS मा अभिलेख राख्ने र राख्न लगाउनु पर्नेछ

पत्र संख्याः
चलानी नं.

। CGAS मा प्रतिवद्धता रकमको प्रविष्टि गरेर मात्र रकम भुक्तानी गर्नुपर्ने भएकोले खरिद सम्झौता बापतको रकम भुक्तानी निकासा गर्दा प्रतिवद्धताको अभिलेख प्रविष्टि पश्चात मात्र भुक्तानी निकासा गर्ने व्यवस्था मिलाउने । विगत आर्थिक वर्षहरुमा खरिद सम्झौता भई कार्य सम्पन्न भइनसकेका खरिद सम्झौताको हकमा समेत सोही बमोजिम प्रतिवद्धताको अभिलेख राख्नुपर्ने विषयलाई अनिवार्य रुपमा कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

१७. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २८ को उपनियम (६) बमोजिम स्वीकृत वार्षिक कार्यक्रमको त्रैमासिक विभाजन बमोजिम मासिक खर्च अनुमानको विवरण CGAS मा प्रविष्टि गर्ने व्यवस्था मिलाउने । बजेट थप घट भएको अवस्थामा खर्च अनुमानलाई पनि समायोजन गर्नुपर्ने भएकोले सोही बमोजिम गर्नु गराउनु हुनेछ ।

१८. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन

१९. अर्थ मन्त्रालयको सहमति विना अनिवार्य दायित्व अन्तर्गत पर्ने खर्च शीर्षक तलब, भत्ता, स्थानीय भत्ता, पोशाक, खाद्यान्न, घरभाडा लगायतका अनिवार्य दायित्वका खर्च शीर्षकबाट अन्यत्र रकमान्तर गर्न पाइने छैन । तलब, भत्ता, स्थानीय भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र घरभाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन भए/नभएको अनुगमन गर्ने । तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी निकासा गर्ने व्यवस्था मिलाउने ।

२०. अनिवार्य दायित्व बापत बाँडफाँट कम गरेको कारणबाट सृजित दायित्वका लागि रकमान्तर र थप निकासा हुने छैन । साथै यस्तो दायित्व पछिल्ला आर्थिक वर्षमा सार्ने गरी भुक्तानी दिन बाँकी समेतमा राख्न नपाईने व्यवस्था मिलाइएको हुँदा सो अनुसार गर्ने/गराउने ।

२१. सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी नीति बमोजिम सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने/गराउने ।

२२. स्वीकृत दरबन्दी र विनियोजित बजेटको सीमाभित्र रहेर मात्र सेवा करारका कर्मचारीहरूको व्यवस्थापन गर्ने/गराउने । सेवा करारमा राख्न सकिने पदको स्थायी दरबन्दी रिक्त भएको अवस्थामा सम्बन्धित मन्त्रालय अन्तर्गत फाजिलमा रहेका कर्मचारीबाट पदपूर्ति हुने र सो नभएमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउँदा पनि पदपूर्ति हुन नसकेमा अर्थ मन्त्रालयको सहमति लिनु पर्ने व्यवस्था रहेकोले सोही अनुसार गर्ने ।

पत्र संख्या:
चलानी नं.

२३. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामग्री खर्च, भत्ता, तालीम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम रूपमा मितव्ययिता अपनाई खर्च भए/नभएको अनुगमन गर्ने ।

२४. सरकारी कार्यालयहरूले कार्यालय प्रयोजनका लागि सकेसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकता दिनु पर्नेछ। त्यस्तो हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिनु पर्ने व्यवस्थाको कार्यान्वयन भए/नभएको अनुगमन गर्ने ।

**(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था**

२५. खर्च, कार्य सञ्चालन कोष, धरौटी तथा अन्य कोषको लेखा राख्दा CGAS, राजश्वको लेखा राख्दा राजश्व व्यवस्थापन सूचना प्रणाली (Revenue Management Information System - RMIS) तथा सम्पत्तिको लेखाङ्कन सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Asset Management System – PAMS) मा लेखा राख्ने र प्रतिवेदन गर्ने/गराउने।

२६. विनियोजन ऐन, २०८० बमोजिम समानीकरण अनुदान बाहेक विनियोजन भई खर्च नभएको रकम स्वतः फ्रिज हुने व्यवस्था भएकोले आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगावै भुक्तानी निकासा दिई लेखा अद्यावधिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२७. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्न निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक र परामर्शदाताको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा बैंक खातामा भुक्तानी गर्ने व्यवस्था मिलाउने । तलब, भत्ता, औषधी उपचार, उपदान, सञ्चित विदा र सामाजिक सुरक्षा भत्ता लगायतका सबै प्रकारका भुक्तानीहरु सोझै बैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था कार्यान्वयन गर्ने/गराउने ।

२८. विनियोजन ऐन, २०८०, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सरकारी नीति लगायतका आर्थिक व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानूनको पालना गरी/गराई वित्तीय अनुशासन कायम गर्ने/गराउने ।

**(च) खर्चको अख्तियारी**

२९. बजेट उपशीर्षक ६०१०००१२ उपदान, बजेट उपशीर्षक ६०१०००१३ संचित विदा र बजेट उपशीर्षक ६०१०००१६ औषधी उपचार रकम भुक्तानीको लागि माग भएको अवस्थामा प्रचलित कानुन बमोजिम भुक्तानी दिनुपर्ने रकम यकीन गरी संघीय सरकार अन्तर्गतका कार्यालयको हकमा सम्बन्धित कार्यालयको


अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२६०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np

पत्र संख्याः
चलानी नं.

नाममा सम्बन्धित बजेट उपशीर्षक र खर्च शीर्षकमा महालेखा नियन्त्रक कार्यालयको LMBIS बाट रकमान्तर गरिदिने र सम्बन्धित कार्यालयले अख्तियारी अनुसार निकासा भुक्तानी माग गरी खर्च गर्ने व्यवस्था मिलाउने ।

३०. उपदान, संचित विदा र औषधी उपचार रकम २०८० माघ मसान्तसम्म निकासा भुक्तानी दिने र तत्पश्चात महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त निर्देशानुसार गर्ने ।

३१. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भई कानुन बमोजिम सुविधा पाउने गरी अवकास भएका निजामती सेवा, स्वास्थ्य सेवा र संसद सेवाका कर्मचारीको लागि कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा सम्बन्धित बजेट उपशीर्षक र खर्च शीर्षकमा महालेखा नियन्त्रक कार्यालयको LMBIS बाट रकमान्तर गर्ने र अख्तियारी अनुसार निकासा भुक्तानी माग गरी खर्च गर्ने व्यवस्था मिलाउने ।

(छ) प्रदेश र स्थानीय तहको अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था

३२. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम प्रदेश र स्थानीय तहले राजस्व र व्ययको अनुमान सम्बन्धित सभामा पेश गरी पारित गरेको विवरण प्राप्त भएपछि मात्र सबै प्रकारका अनुदान दिने व्यवस्था मिलाउने ।

३३. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा २०८० कार्तिक १ गते, २०८० माघ १ गते, २०८१ वैशाख १ गते भित्र प्राप्त गरी उक्त अनुदानको एक चौथाईले हुन आउने रकम २०८० भाद्र २ गते, २०८० कार्तिक २ गते, २०८० माघ २ गते र २०८१ वैशाख २ गते गरी चार किस्तामा सम्बन्धित सञ्चित कोषमा हस्तान्तरण गर्ने व्यवस्था मिलाउने र वार्षिक आर्थिक विवरण २०८१ श्रावण मसान्तभित्र पेश गर्नुपर्ने व्यवस्था रहेकोले सोही अनुसार गर्ने गराउने ।

३४. सशर्त अनुदानको एक तिहाईले हुन आउने रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित प्रदेश वा स्थानीय तहको सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र २ गते हस्तान्तरण गर्नुपर्नेछ तर वैदेशिक स्रोत (नगद ऋण र नगद अनुदान) समावेश भएको हकमा स्रोत फुकुवा आवश्यक पर्नेछ ।

३५. प्रदेश र स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको कार्यक्रम/आयोजनाको लागि प्राप्त भएको हो सोही कार्यक्रम/आयोजनाको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित प्रदेश सभा, गाउँ सभा वा नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्ने प्रावधान भएकोले सोही अनुसार गर्नु गराउनु हुनेछ ।

पत्र संख्या:
चलानी नं.

३६. प्रदेश र स्थानीय तहले सशर्त अनुदान स्वरुप हस्तान्तरण भएका योजना तथा कार्यक्रमको भौतिक प्रगति तथा खर्च भएको रकमको त्रैमासिक विवरण २०८० मंसिर १५ गते, २०८० चैत्र १५ गते, र २०८१ असार १५ गते भित्र र बार्षिक आर्थिक विवरण २०८१ श्रावण मसान्तभित्र सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउने व्यवस्था रहेकोले सोही अनुसार गर्ने गराउने ।

३७. सशर्त अनुदानको खर्चको विवरणबाट क्रियाकलाप अनुसारको खर्च यकिन गरी प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम शोधभर्ना निकासा दिने व्यवस्था गर्ने/गराउने ।

३८. नेपाल सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश तथा स्थानीय तहलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्ने/गराउने ।

३९. सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई वचत भएमा त्यस्तो वचत रकम सम्बन्धित प्रदेश र स्थानीय तहबाट चालु आर्थिक वर्षभित्रै सङ्घीय सञ्चित कोष (सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको बजेट खर्च खाता) मा दाखिला गर्ने/गराउने व्यवस्था गर्नुहुनेछ । कुनै कारणवस चालु आर्थिक वर्ष भित्र फिर्ता हुन नसकेमा २०८१ श्रावण १५ गते सम्म सङ्घीय सञ्चित कोष (सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको बजेट खर्च खाता) मा दाखिला गराई २०८१ आषाढ मसान्तको मितिमा एकल खाता कोष प्रणालीमा निकासा समायोजन गर्नु पर्नेछ ।

४०. बुँदा नं ३९ वमोजिम वचत रकम फिर्ता दाखिला नभएमा सम्वन्धित प्रदेश र स्थानीय तहको चालु आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानवाट कट्टा गरी सङ्घीय सञ्चित कोष (अनुदान फिर्ता) मा दाखिला गर्नुहुनेछ । वित्तीय समानीकरण अनुदानवाट कट्टा गर्न अपुग भएमा सम्वन्धित प्रदेश र स्थानीय तहको चालु आर्थिक वर्षमा हस्तान्तरण हुने राजस्व बाँडफाँटको रकमवाट कट्टा गरी समायोजन गर्नका लागि यस कार्यालयमा जानकारी गराउनु हुनेछ ।

४१. गत विगत आर्थिक वर्षहरुको सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने वचत रकम फिर्ता दाखिला नगरेमा बुँदा नं ४० अनुसार फिर्ता दाखिला गर्ने व्यवस्था गर्नु हुनेछ ।

### (ज) प्रतिवेदन तथा लेखाङ्कन

४२. स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा सबै स्थानीय तहको आर्थिक कारोबारको बजेटिङ्ग, लेखाङ्कन र प्रतिवेदन अनिवार्य रुपमा गर्ने/गराउने व्यवस्था मिलाउने ।

४३. विनियोजन ऐन, २०८० को दफा ६(३ र ४) बमोजिम नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको सम्बन्धित मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा छुट्टै अभिलेख राखी

निर्धारित समयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय, शोधभर्ना माग गर्ने निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था भएको हुँदा सोही अनुसार भए/नभएको अनुगमन गर्ने ।

४४. एक स्थानीय तहबाट अर्को स्थानीय तहलाई प्राप्त हुने चालु अनुदान राजस्व शीर्षक नम्बर १३३१८ (अन्य अनुदान चालु) र पुँजिगत अनुदान, राजस्व शीर्षक नम्बर १३३२४ (अन्य अनुदान पुँजिगत) मा मात्र आम्दानी बाँध्नुपर्नेछ । स्थानीय तहको नाममा प्राप्त हुने बजेट बाहिरको (कुनै विषयगत मन्त्रालय, सडक बोर्ड वा नगर विकास कोष जस्ता निकायबाट प्राप्त हुने) रकम सम्बन्धित स्थानीय तहको नाममा खोलिएको ग-२.७ (विविध खर्च खाता) मा आम्दानी बाँधी सोही खाताबाट खर्च र प्रतिवेदन गर्नुपर्ने भएकोले यस बमोजिम भए नभएको अनुगमन गर्ने ।

४५. महालेखा परीक्षकको कार्यालयबाट २०८० साल जेष्ठ ३० गते स्वीकृत लेखा ढाँचा (म.ले.प. फाराम) २०८० श्रावण १ गतेदेखि लागु गरिएको हुँदा उक्त म.ले.प. फाराम कार्यान्वयन गर्ने/गराउने ।

(झ) आन्तरिक लेखापरीक्षण

४६. आन्तरिक लेखापरीक्षण योजना तयार गरी भाद्र मसान्तभित्र अनिवार्य रुपमाः TSA प्रणालीको आन्तरिक लेखापरीक्षण मोड्युलमा प्रविष्टि गर्ने ।

४७. लेखापरीक्षण योजना अनुरुप त्रैमासिक अवधि समाप्त भएको एक महिना भित्र सो अवधिसम्मको आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयहरुको अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरी/गराई सोको प्रतिवेदन एकल कोष खाता प्रणाली (TSA) को आन्तरिक लेखापरीक्षण मोड्युलबाट गर्ने ।

४८. आफ्नो कार्यक्षेत्रभित्रका सबै कार्यालयहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सो को एकीकृत वार्षिक प्रतिवेदन २०८१ भाद्र मसान्तभित्र अनिवार्यरुपमा TSA प्रणालीको लेखापरीक्षण मोड्युलमा प्रविष्टि गरी एक प्रति प्रतिवेदन महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने ।

(ञ) विविध

४९. यस कार्यालयबाट जारी भएका आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०७५, आन्तरिक लेखापरीक्षण कार्यविधि, २०७९, सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०७९, आन्तरिक लेखापरीक्षकको आचारसंहिता, २०७९, आन्तरिक लेखापरीक्षण हाते पुस्तिका, २०७८, एकल खाता कोष प्रणाली लगायतका प्रणाली सञ्चालन निर्देशिका समेतको आधारमा कार्यसञ्चालन गर्ने व्यवस्था मिलाउने ।

पत्र संख्याः
चलानी नं.

५०. यस मार्गदर्शनमा लेखिएका विषयहरु आर्थिक वर्ष २०८०।८१ को प्रारम्भ देखि नै कार्यान्वयन गर्ने/गराउने ।

बोधार्थः
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

(हरिप्रसाद मैनाली)
महालेखा नियन्त्रक